# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २८ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय मन्त्रीमंडलले ८औँ केन्द्रीय वेतन आयोगको सन्दर्भ शर्तहरूलाई अनुमोदन गरेको छ।
- केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले सबै रेलवे अधिकारीहरूलाई विशेष गरी आन्ध्र प्रदेश, ओडिशा र तेलंगानाको पूर्वी तटमा चक्रवातको प्रभावलाई ध्यानमा राख्दै आवश्यक सावधानी अपनाउन निर्देश दिनुभएको छ।
- इन्डियन गोर्खा जनशक्ति फ्रण्टका संयोजक अजय एडवर्ड्सले आज पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यनार्जीलाई पत्रचार गर्नुहुदै उत्तर बङ्गालका चिया श्रमिकहरुको आर्थिक स्थितिमा सुधार गर्नका लागी न्यूनतम ज्याला तुरुन्त कार्यान्वयन गर्ने माग गर्नुभएको छ।
- कोलकाता नगर निगम भर्ती भ्रष्टाचार मामिलामा प्रवर्तन निदेशालय ईडीले आज कोलकातामा ठूलो कार्वाही शुरू गरेको छ।
- दार्जीलिंग पहाड, तराई, डुवर्स, क्षेत्रका बिभिन्न स्थानहरुमा आज छठ महापर्व भक्ति एव उल्लासको साथ सम्पन्न भयो।

**केन्द्रीय मन्त्रीमंडल- अनुमोदन**

केन्द्रीय मन्त्रीमंडलले ८ औँ केन्द्रीय वेतन आयोगको सन्दर्भ शर्तहरूलाई अनुमोदन गरेको छ। आज नयाँ दिल्लीमा मन्त्रीमंडलको बैठकपछि पत्रकारहरूलाई जानकारी दिनुहुदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, आयोगले आफ्नो गठन भएको मिति देखि १८ महिनाभित्र आफ्नो सिफारिसहरू दिनेछ। आयोगमा एक अध्यक्ष, एक अंशकालिक सदस्य र एक सदस्य–सचिव रहने उहाँले जानकारी दिनुभयो। उनले भन्नुभयो, 8औं वेतन आयोग एक अस्थायी निकाय हुनेछ। आयोगमा एक अध्यक्ष, एक सदस्य (अंशकालिक) र एक सदस्य-सचिव सामेल हुनेछन्। सरकारले जनवरीमा केन्द्रिय कर्मचारीहरूको वेतन र अन्य लाभहरूमा बदलावहरूको जाँच र सिफारिश गर्न 8औं वेतन आयोगको गठनको घोषणा गरेको थियो। वेतन आयोगहरूको गठन समय-समयमा केन्द्र सरकारका कर्मचारीहरूको पारिश्रमिक ढांचा, सेवानिवृत्ति लाभहरू र अन्य सेवा शर्तहरूका विभिन्न मुद्दाहरूमाथि विचार गर्न र त्यसमा आवश्यक बदलावहरूमा सिफारिशहरू गर्नका लागि गरिन्छ। साधारणतः वेतन आयोगको सिफारिशहरू हरेक 10 वर्षको अन्तरालमा लागू गरिन्छ। यस अनुसार, 8औं वेतन आयोगको सिफारिशहरू आगामी सालदेखि अपेक्षित छ।

**मंत्रिमंडल - रबी सीजन 2025-26**

मंत्रिमंडलले रबी सिजन २०२५–२६ का लागि फस्फेटिक र पोटासयुक्त मलमा पोषक तत्वमा आधारित अनुदान दर पनि स्वीकृत गरेको छ। सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले जानकारी दिदै भन्नुभएको छ – मन्त्रिमण्डलले रबी २०२५ को लागि लगभग ३७ हजार ९ सय ५२ करोड रुपिया अनुदान स्वीकृत गरेको छ। यो दर १ अक्टोबर देखि लागू हुनेछ। उहाँले भन्नुभएको छ यसले कृषकहरूलाई सहुलियत, सस्तो र उचित मूल्यमा मलको उपलब्धता सुनिश्चित गर्नेछ।

**रेल मंत्री -रेलवे अधिकारी - चक्रवात मोन्था**

केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले सबै रेलवे अधिकारीहरूलाई विशेष गरी आन्ध्र प्रदेश, ओडिशा र तेलंगानाको पूर्वी तटमा चक्रवात मोन्थाको प्रभावलाई ध्यानमा राख्दै आवश्यक सावधानी अपनाउन निर्देश दिनुभएको छ। मन्त्री श्री वैष्णवलेले भिडियो कन्फ्रेन्समार्फत चक्रवातको कारण रेलवेको तयारीको समीक्षा गर्नुभयो तथा निर्बाध सञ्चार र आपदा प्रतिकार्य दलहरूको समयमै तैनातीको आवश्यकतामा जोड दिनुभयो। श्री वैष्णवले सबै रेल विभागहरूलाई उच्च सतर्कता

अपनाउन र चक्रवात पछि रेल सेवाहरूको शीघ्र बहाली सुनिश्चित गर्न निर्देश दिनुभएको छ। रेल मन्त्रालयले चक्रवातसँग जुध्नका लागि वास्तविक समय समन्वय र कार्यका लागि डिभिजनल वार रुम सक्रिय गरिएको जनाएको छ।

**राष्ट्रपति मुर्मू- हरियाणा- अम्बाला भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मूले भोलि हरियाणाको अम्बालाको भ्रमण गर्नुहुनेछ साथै राफेलमा उडान गर्नुहुनेछ। उहाँले अन्तिम पटक अप्रेल २०२३ मा असमको तेजपुर वायु सेना स्टेशनमा सुखोई ३० एमकेआई लडाकू विमानमा उडान भर्नुभएको हो।

**युवा मामिला एव  खेल मन्त्रालय**

युवा मामिला एव  खेल मन्त्रालयको प्रमुख युवा संलग्नता पहल, मेरा युवा भारतले २ करोड भन्दा अधिक दर्ताहरु पार गरेर मंचको साथ एक उपलब्धि  हासिल गरेको छ। केन्द्रीय युवा मामिला तथा खेल मन्त्री डा. मनसुख मांडवियाले यसलाई राष्ट्रका लागि गर्वको क्षण बताउनु भएको छ। उहाँले भन्नुभएको छ - यो उपलब्धिले राष्ट्रको निर्माणमा भाग लिने राष्ट्रका युवाहरूको उत्साह, ऊर्जा र दृढतालाई प्रतिबिम्बित गर्दछ।

**पश्चिम बंगाल -मतदाता सूची - विशेष गहन पुनरीक्षण**

पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन पुनरिक्षण एसआईआर अभियान अन्तर्गत, लगभग दुई करोड विद्यमान मतदाताहरूले मतदाता सूचीमा आफ्नो नाम कायम राख्नको लागि निर्वाचन आयोगले निर्दिष्ट गरेको कुनै एक कागजपत्रहरू मध्ये एक जामा  गर्नुपर्नेछ। यो कुरा राज्यको मुख्य निर्वाचन अधिकारीको कार्यालयले जनाएको  छ।

*वास्तवमा, यी मतदाताहरूको नाम २००२ को मतदाता सूचीमा समावेश गरिएको थिएन, जब पछिल्लो पटक राज्यमा विशेष गहन पुनरिक्षण प्रक्रिया सञ्चालन गरिएको थियो।मुख्य निर्वाचन अधिकारीको कार्यालय अनुसार, उत्तर बंगालको दार्जिलिङ र जलपाइगुडी जिल्लाबाहेक राज्यका सबै जिल्लाहरूमा मतदाता सूचीको 'म्यापिङ र मेचिंग ' को काम पूरा भइसकेको छ। पछिल्लो समय आएको भीषण बाढी पहिरोका कारण दुवै जिल्लामा प्रक्रिया अवरुद्ध भएको थियो । 'म्यापिङ एण्ड म्याचिङ'को काम सम्पन्न भएका जिल्लाहरुबाट प्राप्त आकडा  र बाँकी दुई जिल्लाको अनुमानित आकडाको  आधारमा लगभग  दुई करोड मतदाताले आफ्नो नाम कायम राख्न निर्वाचन आयोगले तोकेको दस्तावेज मध्ये एउटा पेश गर्नुपर्ने निष्कर्ष निकालिएको प्रमुख निर्वाचन अधिकारीको कार्यालयले जनाएको छ । सुत्र अनुसार दस्तावेज  बुझाउनु पर्ने अधिकांश मतदाता बंगलादेशसँग सीमा जोडिएका अन्तर्राष्ट्रिय सीमावर्ती जिल्लाका बासिन्दा हुन् ।एस.आई.आर. प्रोटोकल अनुसार, २००२ को सूचीमा पहिले नै रहेका मतदाताहरूले कुनै पनि कागजात प्रस्तुत गर्न आवश्यक पर्दैन किनकि उनीहरूको नाम स्वचालित रूपमा नयाँ मतदाता सूचीमा थपिनेछ। तर, सो सूचीमा नाम नभएकाले आयोगले तोकेको कुनै एउटा दस्तावेज प्रस्तुत गर्न अनिवार्य हुनेछ ।*

**इन्डियन गोर्खा जनशक्ति फ्रण्ट- न्यूनतम ज्याला**

इन्डियन गोर्खा जनशक्ति फ्रण्टका संयोजक अजय एडवर्ड्सले आज राज्य की मुख्यमन्त्री ममता ब्यनार्जीलाई पत्रचार गर्नुहुदै दार्जीलिंग, तराई डुवर्स क्षेत्रका  चिया श्रमिकहरुको आर्थिक  स्थितिमा  सुधार गर्नका लागी न्यूनतम ज्याला तुरुन्त कार्यान्वयन गर्ने माग गर्नुभएको छ।  उहाँले भन्नुभएको छ, पश्चिम बङ्गाल न्यूनतम ज्याला सूचना २०२५ अनुसार, क्षेत्र बी-का कौशलयुक्त मजदुरहरुको दैनिक न्यूनतम ज्याला ४५४ तोकिएको छ तर दार्जिलिङ, डुवर्स, तराई र जलपाईगुडीको चिया बगानहरूमा मजदुरहरूले अझै पनि प्रतिदिन केवल २२० रुपियाँ  मात्र पाउँदै आएका छन्—जुन तोकिएको दरको आधाभन्दा कम हो। यसरी प्रत्येक मजदुरले दैनिक औसत २३४  रुपियाँको घाटा वा महिनामा र ६ हजार ८४ रुपियाँ  गुमाइरहेका छन्। उहाँले चिया बगान मजदुरहरूलाई कौशलयुक्त श्रमिकको रूपमा वर्गीकरण गर्दै,जुलाई देखि डिसेम्बर २०२५ को दर अनुसार पृथक र औपचारिक न्यूनतम ज्याला सूचना जारी गर्ने, दार्जिलिङ, तराई, डुवर्स र जलपाईगुडीका बगानहरूमा नियमित निरीक्षण र ज्याला अभिलेखको प्रत्यक्ष प्रमाणीकरणमार्फत कानूनी कार्यान्वयन सुनिश्चित गर्ने, मजदुर सङ्गठनहरू, स्थानीय जनप्रतिनिधि र व्यवस्थापन प्रतिनिधिहरू समावेश गरिएको विशेष समिति गठन गरि, मुद्रास्फीति र जीवनयापन खर्च अनुसार न्यायोचित ज्याला संरचना तय गर्ने  तथा विगतमा न्यूनतम ज्याला भन्दा कम पाएको अवधिका लागि मजदुरहरूलाई बक्यौता वा क्षतिपूर्तिसहितको भुक्तानी गर्ने माग गर्नुभएको छ।

**कोलकाता नगर निगम भर्ती भ्रष्टाचार - ईडी**

कोलकाता नगर निगम भर्ती भ्रष्टाचार मामिलामा प्रवर्तन निदेशालय (ईडी) ले आज कोलकातामा एक ठूलो कार्वाही शुरू गरेको छ। ईडीको टीमले आज बिहान शहरका धेरै भागहरूमा एकसाथ छापा मार्‍यो, जसमा बेलेघाटा, बेन्टिक स्ट्रीट र पार्क स्ट्रीट जस्ता क्षेत्रहरू प्रमुख छ। सूत्रहरू अनुसार ईडी अधिकारीहरूको टीम आज बिहान लगभग सात बजी बेलेघाटा स्थित 75, हेमचन्द्र नस्कर रोड पुग्यो, जहाँ लक्ष्मी रामलया नामक बिल्डिङमा एक लुगा व्यवसायीको निवास छ। यस अवधि छह अधिकारीहरूको टीमले त्यहाँ छापा मार्‍यो। छापाको सम्बन्ध नगर निगममा भएको भर्ती अनियमितताहरूको जाँचसित रहेको बताइएको छ। ईडीले यसअघि पनि यस मामिलामा राज्य मन्त्री सुजीत बोससित जोडिएका धेरै प्रतिष्ठानहरू र उनका निकटतम सहयोगीहरूका ठेगानाहरूमा छापा मारिसकेको छ। एजेन्सीलाई सन्देह छ कि भर्ती प्रक्रियामा धनशोधन र अवैध लेन-देनको माध्यमले भारी वित्तीय अनियमितता भएको छ। छापामारीमा सम्बन्धित दस्तावेजहरू र डिजिटल उपकरण जफत गरिएको छ।

**पश्चिम बङ्गाल -मोन्था**

आन्ध्र प्रदेशको तट तर्फ बढ़िरहेको चक्रवात मोन्था अझ अधिक शक्तिशाली भएको छ। मौसम विभाग अनुसार, उत्तर बंगालमा पनि मान्था-को प्रभाव देखिनेछ। मौसम विभागले 29 देखि 31 अक्टोबरसम्म उत्तर बंगालका सबै जिल्लाहरूमा भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ। 30 अक्टोबरमा मालदह, उत्तर र दक्षिण दिनाजपुर, दार्जीलिङ, कालेबुङ र जलपाईगुड़ीमा भारी वर्षा हुनसक्छ भने 31 अक्टोबरमा दार्जीलिङ, कालेबुङ, अलिपुरद्वार, कुचबिहार र जलपाईगुड़ीमा अत्यधिक वर्षा हुने मौसम बिभागले सम्भावना व्यक्त गरेको छ।

**तीनधारे -छठ पूजा**

दार्जीलिंग पहाडको दार्जीलिंग शहर ,मिरिक खर्सांग लगायत तराई क्षेत्रको बिभिन्न स्थानहरुमा आज छठ महापर्व भक्ति एव उल्लासको साथ सम्पन्न भयो। जानकारी अनुसार खर्सांग महकुमाको तीनधारे क्षेत्रमा पनि वर्ष 2025 को छठ पूजा भक्तिभाव र शान्तिपूर्ण रुपमा पालन गरिएको छ। छठ पूजाको अवसरमा सोमवार साँझ फल प्रसादको साथमा पूजा अर्चना गरेर आज बिहान 4 बजीदेखि तीनधारे क्षेत्रका धाराहरुमा छठ ब्रतीहरुले सुर्यलाई अर्घ्य दिए पछि पूजा समापान गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******